अल्लाहले जसको भलो चाहनुहुन्छ, उसलाई कठिनाइमा पारेर परिक्षा लिनुहुन्छ ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "अल्लाहले जसको भलो चाहनुहुन्छ, उसलाई कठिनाइमा पारेर परिक्षा
लिनुहुन्छ ।"
[सही] [बुखारीले वर्णन गरेका छन्]

यस हदीसमा नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ कि जब अल्लाहले कुनै आस्थावान व्यक्तिको कल्याण चाहनुहुन्छ, तब उहाँले उसलाई उसको जीवन, सम्पत्ति, वा परिवार सम्बन्धित कुनै समस्यामा पारेर परीक्षा लिनुहुन्छ। यसरी, उक्त व्यक्ति प्रार्थनामग्न भइ अल्लाह नजिक हुन पुग्छ, उसका पापहरू क्षमा गरिन्छ र उसलाई उच्च दर्जा प्राप्त हुन्छ।

http://sunnah.global/hadeeth/ne/show/4204